# बाल सहभागितामा कार्यरत संस्थाहरुको साझा समूह (कन्सोर्टियम-नेपाल)
# मासिक कार्यसम्पादन पत्र

महिना : जुन २०२५ वर्ष :४ अकं : ६


## १ : विश्वव्यापी आवधिक समिक्षा (चौथो चक्र)को प्रतिवेदन बालबालिकाका सवालमा छलफल सम्पन्न :




जुन २९ : कन्सोर्टियम-नेपालले साथ साथ संस्था र ललितपुर बाल क्लव सञ्जालको सहकार्यमा विश्वव्यापी आवधिक समिक्षा (चौथो चक्र) को प्रतिवेदन लेखन प्रकृया अन्तर्गत बालबालिकाका सवालमा बालबालिकासँग छलफल सम्पन्न गरेको छ । छलफलफमा ललितपुर जिल्लाको प्रतिनिधित्व गर्दै २२ जना बालबालिकाको उपस्थिति रहेको थियो । कार्यक्रमको सुरुवातमा कन्सोर्टियम नेपाल र बालबालिकाको तेतृत्वमा तयार गरिएको प्रतिवेदन बारे चर्चा गरिएको थियो । उक्त सत्रको छलफल कन्सोर्टियम नेपालको अध्यक्ष सन्तोष महर्जनले गर्नुभएको थियो । बालबालिकाहरुले कार्यक्रममा समूहकार्य मार्फत आफ्ना सवालहरु प्रस्तुत गर्नुभएको थियो । बालबालिकाले शिक्षकहरुले गर्ने कारवाहि, बालबालिकाको विचारहरुको सुनुवाई नहुने, बालश्रम, बालविवाह जस्ता समस्याहरु अगाडि सारेका थिए । प्रस्तुत गरिएका विषयले अब बालबालिकाले तयार पार्ने प्रतिवेदनमा ठाउँ पाउने विश्वास गरिएको छ ।

कार्यक्रमको अन्त्यमा साथ साथको तर्फबाट कविता शाहले सहभागि सबैलाई धन्यवाद व्यक्त गर्नुभयो ।

## २. बालबालिकाको नागरिक स्थान : वर्तमान अवस्था बारे प्रदेश स्तरिय कार्यक्रम सम्पन्न :




जुन ६ : गैर सरकारी संस्था महासंघ नेपालसँगको सहकार्यमा बालबालिकाको सिभिक स्पेशबारे गण्डकी प्रदेश स्तरिय छलफल सम्पन्न भएको छ । कार्यक्रममा ९ वटा जिल्लाबाट प्रतिनिधित्व हुने गरि नागरिक समाजको उपस्थिति रहेको थियो । उपस्थित सरोकारवालाहरुले बोल्दै, खुम्चिदै गएको बालबालिकाको सिभिक स्पेश प्रति चिन्ता व्यक्त गरेका थिए ।




कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

कार्यक्रममा अतिथिको रुपमा गरै सरकारी संस्था महासंघ नेपालको निवर्तमान अध्यक्ष राम प्रसाद सुवेदी, गरै सरकारी संस्था महासंघ नेपालको महासचिव देवी खड्का, उपमहासचिव किरण थापा, कन्सोर्टियम नेपालको अध्यक्ष सन्तोष महर्जन लगाएतको उपस्थिति रहेको थियो । कार्यक्रमको सञ्चालन कान्सोर्टियम बागमती प्रदेश संयोजक डिल्ली प्रसाद सुवेदीले गर्नुभएको थियो भने प्रस्तुती किरण थापाले गर्नुभएको थियो ।

### ३. बालबालिकाको नागरिक स्थान बारे बालबालिकासँग छलफल सम्पन्न :

जुन २४ : कन्सोर्टियम नेपालले गैर सरकारी संस्था महासंघ नेपालको सहकार्यमा बालबालिकाको नागरिक स्थान बारे अधारपत्र तयार पार्दैछ । यसै सन्दर्भमा, ललितपुरमा बालबालकिाहरुसँग छलफल सम्पन्न गरेको छ । बालबालिकाहरुको नागरिक स्थानसँग सम्बन्धित प्रश्नावलिमा बालबालिकाहरुले समुहकार्य मार्फत आफ्ना चुनौती र अवसरबारे प्रस्तुति गरेका थिए ।




प्रस्तुतीमा, बजेट निर्माण प्रकृयामा बालसहभागिता नभएको, बाल क्लबहरु सक्रिय नभएको, विद्यालयमा बाल सहभागिताको कमि, अतिरिक्त कृयाकलापको कमि, जस्ता समस्याहरु समावेश गरेका थिए ।

## सदस्य संस्थाका गतिविधिहरु

### १. बाल मैत्री स्थानीय शासन दिगोपनाका लागी बाल क्लबका पदाधिकारीहरुलाई बाल अधिकार, बाल संरक्षण, बाल सहभागिता, सकारात्मक सोच र नेतृत्व बिकाशसम्बन्धी कार्यक्रम सम्पन्न :



जुन २६ : बाल कल्याण समाजको सहकार्य एवं मकबानपुरगढी गाउँपालिकाको आयोजनामा बाल मैत्री स्थानीय शासन दिगोपनाका लागी बाल क्लवका पदाधिकारीहरुलाई बाल अधिकारका चार पिलर, सकारात्मक सोच र नेतृत्व बिकाशसम्बन्धी कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा गढि गाउँपालिकामा रहको सबै बालक्लबको जिम्मेबार पदाधिकारीहरु (प्रत्येक बिधालयबाट १ बालक र एक बालिका गरि २ जना, १५ बटा विद्यालयको ३० जना बालक्लबको पदाधिकारीहरु) को सहभागिता रहेको थियो भने कार्यक्रमको प्रमुख अतिथिको रुपमा मकवानपुरगढि गाउँपालिकाका उपाध्यक्ष मन कुमारी पाखिन नेपाली हुनुहुन्थ्यो ।


कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

कार्यक्रमको सहजिकरण प्रकाश खतिवडाले गर्नुभएको थियो भने छलफलको क्रममा बाल मैत्री दिगोपनमा बालबालिकाका सवालमा मकबानपुरगढि गाउपालिकामा के कस्ता कार्य भईरहेका छन ? भन्ने बारेमा चर्चा गरिएको थियो।

## २. मधेशमा बालअधिकार र बाल सहभागिता प्रवर्धनका लागि प्रदेशस्तरीय नागरिक समाज संस्था संजाल गठन :



जुन १९ : बालबालिकाको अधिकार संरक्षण, प्रवर्धन र पैरवीका लागि मधेश प्रदेशमा पहिलोपटक प्रदेशस्तरीय नागरिक समाज संस्था संजाल गठन गरिएको छ । बर्दिबास, महोत्तरीमा आयोजित एकदिने भेलाबाट उक्त सञ्जाल गठन गरिएको हो, जसको संयोजन सबल नेपालले सेभ द चिल्ड्रेनको प्राविधिक सहयोगमा सञ्चालित 'संकल्प परियोजना' अन्तर्गत गरेको हो ।

मधेश प्रदेशमा बालबालिकाका अधिकारहरूमाथि विविध चुनौतीहरू जस्तै बालविवाह, बालश्रम, विद्यालय छोड्ने दर, बाल यौन दुर्व्यवहार, संरक्षणको अभाव जस्ता समस्या विद्यमान छन् । यी समस्या समाधान गर्नका लागि समन्वय, सहकार्य र सशक्त पैरवी आवश्यक रहेको सन्दर्भमा, बाल अधिकारको क्षेत्रमा सक्रिय रहेका नागरिक समाज संस्थाहरूलाई संगठित गर्दै साझा मञ्च निर्माण गर्ने उद्देश्यले संजाल गठन गरिएको हो ।

यो संजालले प्रदेश सरकार, स्थानीय तह, बाल क्लब, युवा संजाल, सरोकारवाला निकायहरू, र नागरिक समाज संस्थाहरूबिचको सहकार्य मजबुत पार्नेछ । १३ सदस्यीय संजालको संयोजकमा सबल नेपालका कार्यकारी निर्देशक तथा गैसस महासंघ सप्तरीका अध्यक्ष दीपक कुमार झा चयन भएका छन् । सचिवमा सिरहास्थित मुक्ति नेपालकी अध्यक्ष देबकुमारी महरा र कोषाध्यक्षमा जागृति महिला विकास केन्द्रकी टुना कुमारी साह छन् ।

## ३. विश्व बातावरण दिवसको अवसरमा बालबालिकाको नेतृत्वमा विभिन्न कार्यक्रम आयोजना :




जुन ५ : सप्तरी जिल्लाको खडक तथा सुरुगाँ नगरपालिकामा सबल नेपालद्वारा सञ्चालित सम्मुनति तथा संकल्प कार्यक्रम अन्तर्गत खडक नगरपालिका वडा नं. १० मा नगर प्रमुख जय प्रकाश चौधरीको प्रमुख आतिथ्यता एवं वडा अध्यक्ष राजेन्द्र चौधरीको अध्यक्षतामा वृहत वृक्षारोपण कार्यक्रमको आयोजना गरिएको छ उक्त अवसरमा नगर उपप्रमुख, प्रमुख प्रशासकिय अधिकृत, बालबालिका लगायत सामुदाय तथा सबल नेपालका कर्मचारीको सहभागिता रहेको थियो ।


कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

यो संगै जिल्ला बाल क्लब संजाल सप्तरीको आयोजनामा दुवै पालिकाको सयुक्तंमा नगर स्तरीय विभिन्न विद्यालयहरुमा निवन्ध तथा हाजिरी जवाफ प्रतियोगिता, चित्रकला प्रतियोगिता, कविता र सडक नाटक प्रतियोगिता आयोजना गरिनुका साथै वृक्षारोषण तथा अन्तरक्रिया लगायतको कार्यक्रम सञ्चालन गरिएको हो ।

### ४. स्थानीय योजना निमार्ण प्रकृयामा किशोरीहरुको सहभागिता :

जागृती बाल तथा युवा सरोकार नेपालले किशोरी सशक्तीकरण कार्यक्रम अन्तर्गत किशोरीहरुले गण्डकी प्रदेश अन्तर्गत नवलपुर जिल्लाको मध्यबिन्दु नगरपालिकाको आर्थिक वर्ष ०८२/०८३ को नीति तथा कार्यक्रम र बजेटमा बालबालिका, किशोरकिशोरीहरु र युवाहरुको लागि आवश्यक नितिहरु र बजेटको लागि सुझाव पत्रलाई स्थानीय स्तरमा बुझाएका छन् । किशोरीहरुले मध्यविन्दु नगरपालिकाको १५ वटा वडा र कावासोती नगरपालिकालाई सो सुझावपत्र हस्तान्तरण गरेका हुन ।




### कन्सोर्टियम नेपालले जुन २०२५ मा सहभागिता जनाएका विविध कार्यक्रमहरुको विवरण:

| क.सं | कार्यक्रम | आयोजक |
|---|---|---|
| १. | Workshop on Gender Realization and Monitoring and Evaluation from an Environmental Lens | Saathi and YAE |
| २. | National Workshop on Youth, Climate Change and GESI | JCYCN |
| ३ | बालबालिका सम्बन्धि ऐन २०७५ को प्रस्तावित संसोधन माथि छलफल | काठमाडौं महानगरपालिका |
| ४. | Discussion in Contemporary Issues of Child Rights | NACG Nepal |
| ५. | Baal Bhela on the occasion of day against child labor | CWISH Nepal |
| ६. | Multi Stakeholder Dialogue on Civic Space | AIN and NFN |



कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४ participation.consortium@gmail.com, Fb: Consortium Nepal



Consortium Nepal handed over the Call to Action from the National Assembly of Child Human Rights Defenders to the Hon. Chief Minister of Gandaki Province. Hon. Chief Minister expressed his strong commitment to promoting child rights in the province.









कन्सोर्टियम-नेपाल, बुद्धनगर, काठमाडौं
०१-४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal

## हार्दिक श्रद्धाञ्जली






कन्सोर्टियम–नेपाल, बुद्धनगर, काठमाडौं
०१–४७९१३२४
participation.consortium@gmail.com,
Fb: Consortium Nepal